नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल ललितपुर

# नवीनतम यान्त्रिक सिंचाइ आयोजना (MIIP) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारीको लागि राय सुझाव सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति सूचना)

नवीनतम यान्त्रिक सिंचाइ आयोजना (MIIP), जावलाखेल, ललितपुरद्वारा मधेश प्रदेश, रौतहट जिल्लाको बौधीमाई नगरपालिका, देवाही गोनाही नगरपालिका, दुर्गाभगवती गाउँपालिका, गरुडा नगरपालिका, गौर नगरपालिका, इशनाथ नगरपालिका, माधवनारायण नगरपालिका, मौलापुर नगरपालिका, परोहा नगरपालिका, राजदेवी नगरपालिका, राजपुर नगरपालिका र यमुनामाई गाउँपालिका तथा सर्लाही जिल्लाको ब्रह्मपुरी गाउँपालिका, बागमती नगरपालिका, बसबरीया गाउँपालिका, कौडेना गाउँपालिका, रामनगर गाउँपालिका, धनकौल गाउँपालिका, गोडैटा नगरपालिका, हरिवन नगरपालिका, मलंगवा नगरपालिका, बलरा नगरपालिका तथा बिष्णु गाउँपालिकामा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

**प्रस्तावको मुख्य विशेषता तथा प्रभाव पर्न सक्ने नगरपालिका तथा वडाहरु**

| क्र.सं. | प्रस्तावको व्यहोरा | कमाण्ड क्षेत्र | प्रभाव पर्ने जिल्ला, नगरपालिका/गाउँपालिका तथा वडा |
|---|---|---|---|
| १. | प्रस्तावित नवीनतम यान्त्रिक सिंचाइ आयोजना (MIIP) ले जमिन मुनिको पानीलाई सिंचाई कार्यका लागि प्रयोग गरी कृषि उत्पादनमा वृद्धि गराई कृषकको जीवनस्तरमा सुधार ल्याउने र खेतीयोग्य जमिनको सदुपयोग गरी खेतीको सघनतालाई १७८-२०६% पुन्याइ देशको आर्थिक स्थिति सुदृढ गराउने लक्ष्य राखेको छ ।<br>प्रस्तावित आयोजना अन्तर्गत १३०-१८० मि. गहिरो डिप ट्युबवेल (14"/8") १००० वटा निर्माण गरिनेछ जस अन्तर्गत प्रत्येक ट्युबवेलले अत्याधुनिक प्रिपेड स्मार्ट कार्डको प्रयोग गरी ४० हेक्टर जमिनमा सिंचाइ उपलब्ध गराउने छ। त्यस्तै प्रत्येक ट्युबवेल नजिक पम्प राख्ने घर, मिटर प्रणाली, भूमिगत पाइपद्वारा पानी वितरण प्रणाली तथा ५०० कि.मि. कम भोल्टेज विद्युत वितरण प्रणाली निर्माण गरिनेछ ।<br>पानीको स्रोत: गहिरो एक्वीफर (Deep Aquifer)<br>प्रकार: गहिरो ट्युबवेल (Deep Tube well)<br>ट्युबवेलको आकार: १४/८ इन्च<br>हाउजिंग लम्बाई (Housing length): ४८-५४ मिटर<br>डिजाइन डिस्चार्ज (Design Discharge): ४०-६० लिटर/सेकेन्ड सम्म | नेट कमाण्ड क्षेत्र ४०,००० हेक्टर | **रौतहट** जिल्लाको बौधीमाई नगरपालिका वडा नं १-९, देवाही गोनाही नगरपालिका वडा नं १-६, दुर्गाभगवती गाउँपालिका वडा नं १-५, गरुडा नगरपालिका वडा नं १, गौर नगरपालिका वडा नं १-९, ईशनाथ नगरपालिका वडा नं १-९, माधवनारायण नगरपालिका ४-८, मौलापुर नगरपालिका वडा नं ३-९, परोहा नगरपालिका वडा नं १-९, राजदेवी नगरपालिका वडा नं १-४ र ६-९, राजपुर नगरपालिका वडा नं १-९ र यमुनामाई गाउँपालिका वडा नं १-५ तथा **सर्लाही** जिल्लाको ब्रह्मपुरी गाउँपालिका वडा नं 1-४, बागमती नगरपालिका वडा नं १ र ११, बसबरीया गाउँपालिका वडा नं ६, कौडेना गाउँपालिका वडा नं ४ र ७, रामनगर गाउँपालिका वडा नं १-४ र ७, धनकौल गाउँपालिका वडा नं ३, ४, ६ र ७, गोडैटा नगरपालिका वडा नं १-३ र ६-१२, हरिवन नगरपालिका वडा नं १-५ र ७-१०, मलंगवा नगरपालिका वडा नं १,२, ४-७ र ९-१२, बलरा नगरपालिका वडा नं १-११ तथा बिष्णु गाउँपालिका वडा नं १-६ |

प्रस्तावकको नामः नवीनतम यान्त्रिक सिंचाइ आयोजना (MIIP), जावलाखेल, ललितपुर।

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनका (EIA) को प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावकको नाम | परामर्शदाताको नाम |
|---|---|
| ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय<br>जलस्रोत तथा सिंचाइ विभाग<br>जावलाखेल ललितपुर<br>इमेलः iifscgp@dwri.gov.np<br>फोन नं.: ०१-५४३७१३६ | नेपाल इन्भारोमेन्टल एण्ड साइन्टिफिक सर्भिसेज-इन्भारोमेन्टल वर्क्स एण्ड सर्भिसेज जे.भि<br>थापाथली, काठमाडौं<br>सम्पर्क नं. : ०१-५३४४९८९/ ९९५१०४८५३१<br>इमेलः ness@mos.com.np /ews.ktm@gmail.com |

*यो सूचना नवीनतम यान्त्रिक सिंचाइ आयोजना (MIIP) ललितपुरद्वारा प्रमाणित गरिएको छ।*

CamScanner